तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८३/८४

मितिः- २०८३/०४/०७

**इपियस (EPS) मार्फत दक्षिण कोरियामा काम गरी फर्किएका व्यक्तिहरुको लागि Returnee Innovators for Nepal (RIN) Cohort III कार्यक्रमको लागि आवेदनआह्वान सम्बन्धी सूचना**

युवा, श्रम तथा रोजगार मन्त्रालय, रोजगार कार्यक्रम व्यवस्थापन शाखाको च.न. रो.का.व्य.शा./६ मिति २०८३/०४/०५ गतेको पत्रानुसार कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोगको K-HaMi परियोजना अन्तर्गत इपिएस (EPS) मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुको उद्यमशीलता विकास तथा दिगो एकीकंरणका लागि सञ्चालित Returnee Innovator for Nepal (RIN) Cohort III कार्यक्रममा आवेदंन आंह्वानसम्बन्धी सूचना अनुसार यस कार्यक्रममा छनौट हुने उद्यमीहरुलाई निःशुल्क उद्यमशीलता बुटक्याम्प, मेन्टरसिप तथा सहुलियतपूर्ण कर्जाका लागि सिफारिस लगायतका प्राविधिक सहयोग उपलब्ध गराउइने प्रावधान रहेकाले इच्छुक/ लाभग्राहीहरुले यही मिति २०८३ साउन १३ सम्म अनलाइन (https://rinnepal.org/rin) मार्फत आवेदन पेस गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

टेक नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः युवा, श्रम तथा रोजगार मन्त्रालय, रोजगार कार्यक्रम व्यवस्थापन शाखाको पत्र यसैसाथ संलग्न*

RIN
Returnee Innovators for Nepal

K-HaMi
Happy Migration

# CALL FOR APPLICATIONS

## Returnee Innovators for Nepal [RIN] Cohort III

कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (KOICA) को आर्थिक सहयोगमा संचालित RIN कार्यक्रम, K-HaMi परियोजनाको एउटा भाग हो, जुन **कोरियाबाट रोजगारपछि फर्किएका व्यक्तिहरु (Returnee Migrants)** का लागि लक्षित छ। यसमा हाल वा विगतमा **रोजगार अनुमति प्रणाली (Employment Permit System - EPS)** अन्तर्गत Republic of Korea मा कार्यरत रहेका नेपाली नागरिकहरू सहभागी हुन सक्छन्। यस कार्यक्रमको मुख्य उद्देश्य उनीहरूको उद्यमशील क्षमता विकास गर्नुका साथै नेपाल फर्किएपछि आफ्नै व्यवसाय स्थापना गर्न र त्यसको वृद्धि तथा विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्नु हो।

### परियोजनाले के प्रदान गर्छ?

- **नि:शुल्क** उद्यमशीलता विकास बुटक्याम्प, व्यवसाय संवर्धन, परामर्शदातासंग छलफल कार्यक्रम र संजाल विस्तारमा भाग लिने अवसर
- प्रमाण पत्र, नगद पुरस्कार र मिलन कोषको लागि अवसर
- व्यवसाय विज्ञहरू तथा मार्गदर्शक (मेन्टरहरू) को सहयोग र मार्गदर्शनमार्फत आफ्नो व्यवसायिक अवधारणालाई विकास गर्न र अझ सुदृढ बनाउन पाउने अवसर
- KOICA K-HaMi Loan [ब्याजमा अनुदान] मार्फत सहज पहुँच

### कसले आवेदन दिन सक्छ?

**आवश्याकताहरु**

- EPS अन्तर्गत कोरियाबाट फर्केका व्यक्तिहरु
- ५ महिना कार्यक्रममा भाग लिने प्रतिबद्धता भएको ( in-person and virtual)

**प्रारम्भिक चरणका लागि आवेदन**

- व्यवसाय संचालन गर्ने योजना (सोच) भएको वा सञ्चालनमा आएको ३ वर्षभन्दा कम समय भएको

**वृद्धि चरणका लागि आवेदन**

- ३ वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेको व्यवसायलाई विस्तार वा वृद्धि गर्न इच्छुक

### आवेदन भर्नुहोस्

यहाँ तपाईंको उपयुक्त चरण स्क्यान गर्नुहोस् र सहभागी हुन Google फारम भर्नुहोस्!

**प्रारम्भिक चरणका लागि आवेदन**

सहभागीहरूका अवधारणाहरूलाई व्यवहार्य व्यवसायिक मोडेलमा रूपान्तरण गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्रारम्भिक (Start-up) बुट क्याम्प आयोजना गरिनेछ।

**वृद्धि चरणका लागि आवेदन**

व्यवसायहरूलाई विस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्राविधिक परामर्श तथा सल्लाहकार सत्रहरू प्रदान गरिन्छ।

**आवेदन दिने अन्तिम मिति जुलाई २६, २०२६ (श्रावन १०, २०८३)**

### २०२६ तालिका

| | | |
|---|---|---|
| AUG 10-14 | **Start-up Boot Camp** | (प्रारम्भिक चरणका लागि मात्र) |
| SEPT - NOV | **Incubation & Mentoring** | (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि) |
| DEC | **RIN Showcase** | (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि) |

Funded by KOICA

Implemented by THE BRIDGE mysc MG새마을금고중앙회

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
रोजगार कार्यक्रम व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौं

https://gioms.gov.np

प.सं. :- ०८३/८४
च.नं. :- रो.का.व्य.शा.//६

मिति :- वि.सं. २०८३/०४/०५
ने.स. :- ११४६ दिल्लाथ्व.७ मङ्गलबार

विषयः : RIN Cohort III को सूचना प्रचारप्रसार तथा सहजीकरण गर्ने सम्बन्धमा।

श्री रोजगार, सीप तथा उद्यमशीलता केन्द्र,
(७५३ वटै स्थानीय तह)।

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) को K-HaMi परियोजना अन्तर्गत इपिएस (EPS) मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुको उद्यमशीलता विकास तथा दिगो एकीकरणका लागि सञ्चालित Returnee Innovators for Nepal (RIN) Cohort III कार्यक्रमको आवेदन आह्वानसम्बन्धी सूचना प्राप्त भएको छ। यस कार्यक्रममा छनोट हुने उद्यमीहरूलाई निःशुल्क उद्यमशीलता बुटक्याम्प, मेन्टरसिप तथा सहुलियतपूर्ण कर्जा (Interest Subsidy Loan) का लागि सिफारिस लगायतका प्राविधिक सहयोग उपलब्ध गराइने प्रावधान रहेको छ। यस कार्यक्रममा सहभागी हुन इच्छुक र योग्य लाभग्राहीहरूले आगामी मिति २०८३ साउन १३ गते (२९ July २०२६) सम्म अनलाइन मार्फत आवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारको स्वरोजगार प्रवर्द्धन नीति अनुरूप उक्त सूचना वास्तविक लाभग्राहीसम्म पुऱ्याई कोरिया रिटर्नीहरूलाई उद्यमशीलतामा जोड्न तहाँ केन्द्रहरूबाट देहाय गर्न/गराउनुहुन निर्णयानुसार अनुरोध छः

१.संलग्न सूचना तथा प्रवर्द्धनात्मक सामग्री केन्द्रको सूचना पाटीमा टाँस गर्ने तथा स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्नुहुन ।

२.आफ्नो क्षेत्रभित्र रहेका सम्बन्धित कोरिया रिटर्नीहरूलाई सुसूचित गरी कार्यक्रमको आधिकारिक लिंक (**https://rinnepal.org/rin**) मार्फत समयसीमा भित्र अनलाइन आवेदन दिन आवश्यक प्राविधिक एवं प्रशासनिक सहजीकरण गर्नुहुन ।

संलग्नः RIN Cohort III को सूचना तथा प्रवर्द्धनात्मक सामग्री

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्तिः
Kushal Baral
[illegible]@gmail.com

(कुशल बराल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थः
सूचना प्रविधि तथा तथ्याङ्क शाखा,
युवा,श्रम तथा रोजगार मन्त्रालय
(पत्रसाथ संलग्न RIN Cohort III को सूचना तथा प्रवर्द्धनात्मक सामग्री मन्त्रालय र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (NEPP) को आधिकारिक वेबसाइटमा यथाशीघ्र अपलोड गरी प्रकाशन गरिदिनुहुन ।



Scanned with CamScanner